जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक ४५ २०८१ साल भदौं २५ गते मंगलबार (10 Sep. 2024 Tuesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : बिपीको समाजवाद र आजको... ३ पृष्ठमा : सुरक्षित यात्रा र महँगी ... ३ पृष्ठमा :हसिनाको सुपुर्दगीको माग...

## समावेशी समानुपातिक प्रतिनिधित्व धरापमा पार्न नदिन खबरदारी : प्रचण्ड



**दैनिक समाचारदाता**
**राजविराज, २४ भदौं ।**

नेकपा माओवादी केन्द्रका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले ठूलो त्याग र तपस्यापछि प्राप्त समावेशी समानुपातिक प्रतिनिधित्वसहितको जनताको अधिकार धरापमा पर्ने हो कि भन्ने चिन्ता लाग्न थालेको बताउँदै यसका बिरुद्ध निरन्तर सचेतनापूर्वक खबरदारी गर्नु आवश्यक रहेको बताएका छन् ।

सप्तरीको सुरुङ्गा नगरपालिका २ मा सहिदद्वय दुर्गा पौडेल र उपेन्द्रबहादुर कोइरालाको स्मृतिमा निर्मित शालिक सोमबार अनावरण गर्दै उनले यस्तो खबरदारीको आवश्यकता रहेको बताएका हुन् ।

सरकारले सही काम गरे आफूरुले अवरोध नगर्ने तर सरकार जनताको चाहना, भावना र सुशासनका विरुद्ध गयो भने जनतालाई साथ लिएर आन्दोलनमा जाने उनले उल्लेख गरे ।

उनले शान्ति प्रक्रिया टुंगिने अन्तिम प्रक्रियामा रहेकाले सहिद र वेपत्ता परिवारसहित देशकै लागि खुशीको कुरा हुने समेत बताए । शान्ति प्रक्रिया टुंगिएपछि सहिद र बेपत्ताका परिवारले गौरवको अनुभूति गर्न पाउने जनाए ।

'अब राज्यको तर्फबाट परिपुरण र राहतको व्यवस्था हुने छ । सहिद तथा बेपत्ता योद्धाहरुको सम्मान, उनीहरुका परिवारको हेरचाह र सन्तानको पठनपाठन तथा रोजगारीको जिम्मा अब सरकारको हुनेछ' उनले भने- 'केही समयभित्रै आयोग बनेर यसको प्रक्रिया सुरु भयो भने सहिद तथा बेपत्ताका परिवारले साँच्चिकै आफ्ना आफन्तले देश र जनताको परिवर्तनका लागि रगत बगाएका रहेछन् भन्ने गौरव अनुभूति हुने छ ।'

आफ्नो प्रधानमन्त्रीत्वकालको अन्तिम समयमा शान्ति प्रक्रियालाई टुंग्याउन आवश्यक कानुन बनाउन कार्यदल गठन गरिएको र अहिले कार्यदलको सहमतिअनुसार संसदबाट टिआरसी विधेयक नै पारित भएसकेको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले यो शान्ति सम्झौताका पक्षधर शक्ति र जनताका लागि गौरवको कुरा भएको बताए ।

अध्यक्ष प्रचण्डले भने- 'अहिले टिआरसी विधेयक नटुंगिएको कारण देखाउँदै अदालतले जनयुद्ध दिवसलाई राष्ट्रिय दिवसको रुपमा मनाउन हालका लागि स्थगित गर्न भनेको छ, अब टिआरसी विधेयकमा सहमति भएर सत्यनिरुपण आयोग पनि बनिसकेपछि हामी सबैले आग्रह गर्दा जनताको चाहनाअनुसार जनयुद्ध दिवसलाई राष्ट्रिय दिवसको रुपमा मनाउने बाटो खुल्नेछ भन्ने पनि मेरो दृढ विश्वास रहेको छ ।'

## पत्रकार महासंघका अध्यक्षद्वारा राजीनामा

**दैनिक समाचारदाता**
**राजविराज, २४ भदौं ।**

नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखेलले सोमबार पदबाट राजीनामा दिएका छन् । अब हुने निर्वाचनप्रति सर्वस्वीकार्यता हुन सक्ने अवस्था नरहेको र यसमा आफ्नो पनि कमजोरी रहेको स्विकार्दै राजिनामा दिएका हुन् ।

उनले वरिष्ठ उपाध्यक्ष रमेश विष्टलाई सम्बोधन गरेर राजीनामा पत्रमा लेखेका छन् 'बाह्य सरोकारवाला पक्षहरूले समेत सदस्यतासूची आफूलाई देखाएर मात्र अघिबढ्नु पर्ने अपेक्षा अझै पनि कायम राखिराख्दा मन खिन्न हुन गएको छ । यस्तो अवस्थाबाट ममा निर्मित मनोविज्ञान बोकेर यो निर्वाचनलाई सम्पन्न गर्न म समर्थ छैन' ।

उनले अहिलेको सबै अवस्था आउनुमा आफ्नो कमजोरीलाई स्वीकार गर्दै सबै कुराको नैतिक जिम्मेवारी लिने समेत बताएका छन् ।

'मेरो मानसिक तनाव र शारीरिक स्वास्थ्य अवस्था समेत सहज रूपमा काम गर्न सक्ने अवस्थामा छैन । तसर्थ विधानले प्रदान गरेको अध्यक्षको सम्पूर्ण ( आर्थिक समेत) जिम्मेवारी बहन गर्ने गरी कार्यवाहक अध्यक्षका रूपमा जिम्मेवारी दिँदै आजैका मितिदेखि लागुहुने गरी अध्यक्ष पदबाट राजीनामा दिएको छु', उनको राजीनामा पत्रमा उल्लेख छ ।

सदस्यता विवादका कारण पत्रकार महासंघको निर्वाचन निर्धारित कार्यतालिकामा हुन नसकेको छैन भने पछिल्लो पटक असोज ५ गतेका लागि तय भएको छ ।

## कक्षा ३ सम्मका विद्यार्थीका लागि जाइका आइबिएसई परियोजना संचालनमा आउँदै




**दैनिक समाचारदाता**
**राजविराज, २४ भदौं ।**

सप्तरी जिल्लाको १८ वटै पालिकामा कक्षा ३ सम्मका विद्यार्थीलाई लक्षित गर्दै पाँच वर्षे जाइका आइबिएसई परियोजना संचालनमा आउने भएको छ । जापानी सहयोगि संस्था जाइकाको सहयोग तथा शिक्षा विज्ञान प्रविधि मन्त्रालयको समन्वयमा सो परियोजना संचालनमा आउने भएको हो ।

सोमबारदेखी राजविराजमा सुरु भएको तीन दिने "आधारभुत विद्यालयको शिक्षा उत्थान सम्बन्धि अभिमुखीकरण" कार्यक्रममा यस्तो जानकारी गराइएको छ ।

परियोजना संचालनको पुर्व तयारी स्वरुप शिक्षा, विज्ञान तथा प्रविधी मन्त्रालयको शिक्षा मानव विकास श्रोत केन्द्रको आयोजना, जिल्ला समन्वय समितीको समन्वय तथा जाइकाको सहयोगमा उक्त अभिमुखीकरण सुरु गरिएको हो ।

कक्षा ३ सम्मका विद्यार्थीहरु बढीजसो गणित विषयमा कमजोर देखिएकाले गणित विषयलाई बढी प्राथमिक्तमा राखी पाँच वर्षे परियोजना संचालनमा ल्याउन लागिएको र यसले अन्य विषय संगै गणित विषयको पढाइस्तर उकास्न समेत ठूलो मदत पुग्ने परियोजनका प्रमुख अधिकृत विष्णु प्रसाद आर्चायले बताए ।

उनले जापानको सहयोगि संस्था जाईकाको सहयोग र शिक्षा विज्ञान तथा प्रविधी मन्त्रालयको समन्वयमा हाल मुलुकको सप्तरीका साथै धादिङ, स्याङजा, कपिलवस्तु, दैलेख र कंचनपुर लगायत सात स्थानमा परियोजना संचालन हुने बताए ।

शिक्षा विज्ञान तथा प्रविधी मन्त्रालयको मानव विकास श्रोत केन्द्रकी शाखा अधिकृत मुक्ता देवी पोखरेलले पाँच वर्षे जाईका आईविएसइ परियोजना प्रभावकारी ढंगले संचालन र कार्यान्वयनका लागी जिल्लाको १८ वटै पालिकाका शिक्षा शाखा प्रमुख तथा सरोकारवालालाई सहभागिता गराएर अभिमुखीकरण कार्यक्रम चलाइएको बताईन । उनले परियोजना अन्तर्गत विद्यार्थी मात्रलाई नभई गणित विषय पढाउने शिक्षक समेतलाई दक्ष बनाउन विभिन्न प्रयासहरु गरिने बताईन । उनले परियोजनाको उदेश्य बमोजिम काम भए नभएको बेला बेलामा अनुगमन गरिने समेत बताईन ।

जडैदेखी गणित विषयको सिकाई, अध्यन र अध्यापनलाई बलियो बनाउने उदेश्यले कक्षा १, २ र ३ का विद्यार्थीलाई लक्षित गरी परियोजना संचालनमा ल्याइएको जापानी सहयोगि संस्था जाईका तथा अन्तराष्ट्रिय विकास केन्द्र जापानको समाजिक विकास शाखाका सिनीय रिर्सचर एतसुसि तेसकुइले बताए । श्रब्य दृश्य समाग्री मार्फत समेत सहभागीहरुलाई परियोजनाको उदेश्य र कार्यान्वय पक्षबारे स विस्तार जानकारी दिएका उनले शैक्षिक क्षेत्रमा सुधारका लागी ल्याइएको कार्यक्रम सफल बनाउन सबै मिलेर सहयोग गर्नू पर्नेमा जोड दिए ।

जिल्ला समन्वय सप्तरीका प्रमुख शिव नारायण साहको अध्यक्षतामा आयोजित कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाई, सप्तरीका प्रमुख विजय कुमार मण्डल, स्थानीय शिक्षा इकाई संयोजक श्रीलाल सरदार, राजविराज नगरपालिका शिक्षा शाखाका प्रतिनीधी भगवती विश्वकर्मा, शम्भुनाथ नगरपालिकाका शिक्षा शाखा प्रमुख विदुर विक्रम थापा, महदेवा गाउँपालिकाका शिक्षा शाखा प्रमुख देव कुमार यादव, जाईकाका जिल्ला संयोजक उमेश कुमार साह लगायतले जाईका आईबीएसइ परियोजना प्रभावकारी संचालनका लागी आ-आफ्नो सुझाव राखेका थिए ।

## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु । - जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु । - आँखाको गेडी दुख्नु । - अत्याधिक टाउके दुख्नु । - शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं । - घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जालीवा सुत्ने बेलामा झुल लगाएर सुतौं । - घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं । - पानी राखेको भाँडालाई छोपेर राखौं । - अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**अनुरोधकर्ता : तिरहुत गाउँपालिका, सप्तरी**

## सम्पादकीय

### जिम्मेवार बन

स्थानीय तहहरुले हचुवाको तालमा विभिन्न निकाय संचालन गर्न दिइने इजाजतले गर्दा विकृती बढ्न थालेको छ । स्थलगत अनुगमन र निरिक्षण नै नगरि दिइने इजाजतले गर्दा अहिले विकृती बढ्दै गएको हो । शिक्षा, स्वास्थ्य, विभिन्न सहकारी संस्था, गैसस लगायतको गतिविधि हेर्ने र इजाजत दिने कार्य अहिले स्थानिय तहकै मातहतमा रहेको छ ।

विगतमा शिक्षा, स्वास्थ्य तथा सहकारी संस्थालाई इजाजत मातहतका कार्यालयले दिने गरेका थिए । ती निकायलाई अनुगमन तथा निरिक्षण गर्ने अधिकार समेत थियो । हुन त स्थानिय पालिकालाई यस्ता कार्यालयमाथी निगरानी गर्न सजिलो हुने दृष्टिकोणले जिम्मेवारी दिइएको हो । तर, अहिले उक्त अधिकारको निकै दुरुपयोग भएको पाइएको छ । जसले गर्दा विकृती पनि उत्तिकै बढेर गएको छ ।

तसर्थ हचुवाको तालमा दिइने इजाजतका कारण जताभावी तरिकाले खुल्दै गरेका ती संस्थाहरुबाट भविष्यमा ठूलो दुर्घटना निम्त्याउन सक्छ भन्ने कुरामा दुई मत नहोला ।

# इडिभीका लागि नक्कली शैक्षिक प्रमाणपत्र पेस गर्ने चारजना पक्राउ

काठमाडौँ, २४ भदौ (रासस) ।

नेपालस्थित अमेरिकन दूतावासमा इलेक्ट्रोनिक विविधता भिसा (इडिभी) प्रयोजनका लागि नक्कली शैक्षिक प्रमाणपत्र पेस गरेको अभियोगमा प्रहरीले चारजनालाई पक्राउ गरी सार्वजनिक गरेको छ ।

ललितपुर महालक्ष्मी नगरपालिका–८ घर भई हाल महालक्ष्मी–४ इमाडोल बस्ने ३२ वर्षीया गोमा पाण्डे, सर्लाही लालबन्दी नगरपालिका–१० घर भई हाल महालक्ष्मी–५ टिकाथली बस्ने २८ वर्षीय अनिलकुमार महतो, झापा अर्जुनधारा नगरपालिका–८ घर भई हाल ललितपुरको इमाडोल बस्ने ५० वर्षीय गोपालप्रसाद घिमिरे र सङ्खुवासभा खाँदवारी नगरपालिका–९ घर भई हाल भक्तपुर मध्यपुरठिमी नगरपालिका–५ बस्ने ४३ वर्षीय सुवास ढकाललाई नक्कली शैक्षिक प्रमाणपत्र पेस गरेको अभियोगमा पक्राउ गरिएको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुका सूचना अधिकारी एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिनुभयो ।

उहाँका अनुसार नेपालस्थित अमेरिकन दूतावासमा इडिभी प्रयोजनका लागि एसइई र १०+२ को नक्कली शैक्षिक प्रमाणपत्र बनाइ पेस गरेको भन्ने सूचनाका आधारमा अमेरिकी दूतावाससँगको समन्वयमा निजहरूलाई पक्राउ गरिएको हो । अमेरिकन राजदूतवास नजिकबाट पक्राउ परेका निजहरूलाई लिखितसम्बन्धी कसुरमा आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी परिसर भद्रकालीमा पठाइएको सूचना अधिकारी आचार्यले बताउनुभयो ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# बिपीको समाजवाद र आजको सान्दर्भिकता

**अर्जुन नरसिंह केसी**

काठमाडौँ, २४ भदौ (रासस) ।

नेपाली कांग्रेसको नीति स्थापनाकालदेखि नै समाजवादी राजनीतिक दर्शनबाट प्रेरित रह्यो । आर्थिक असमानताको अन्त्य, आर्थिक क्रान्ति तथा आत्मनिर्भरमुखी प्रगति, कृषिमा आधारित औद्योगिकीकरण र गरिबी उन्मूलन नेपाली कांग्रेसको अर्थतन्त्रको उद्देश्य हो । समाजवादबाट ओतप्रोत, सबै किसिमका दमन तथा शोषणबाट मुक्त नागरिकको उद्यम, सीप तथा रोजगारीमा आधारित र राज्यको संरक्षणात्मक वातावरण मातहत पूर्ण प्रतिस्पर्धामा सञ्चालित नियमित तथा अकुण्ठित बजारको भूमिका भएको अर्थतन्त्र नै नेपाली कांग्रेसको आर्थिक पक्षको ढाँचा हो । कृषि, जलस्रोत, पर्यटन र जडीबुटीको प्रचुर सम्भावना र समृद्धिका आधार हुन् भन्ने कांग्रेसको उम्याइ छ । आफैँसँग भएका जन, जल, जमिन, जङ्गल, जडीबुटी र सीपजस्ता आधाभूत साधन वा पदार्थबाट नेपालको दिगो विकासको गति अघि बढाइनुपर्छ भन्ने नेपाली कांग्रेसको मान्यता रहेको छ ।

योजनाबद्ध विकास गतिविधि, प्राकृतिक र मानव संसाधनको अधिकतम परिचालन, ग्रामीण अर्थतन्त्रको समानुपातिक विकास तथा त्यस निम्ति राष्ट्रिय बजेटमा प्राथमिकता, उपेक्षित वर्ग वा समुदाय एवं बेरोजगार वर्गको राज्यद्वारा संरक्षण गर्नुपर्छ भन्ने कुरालाई नेपाली कांग्रेसले आफ्नो आधारभूत आर्थिक नीति बनाएको छ । गरिब, उपेक्षित र सीमान्तीकृत क्षेत्र, वर्ग वा समुदायको न्यूनतम आयको सुनिश्चितता र सामाजिक न्याय तथा सुरक्षाको प्रत्याभूति राज्यले दिनुपर्ने कांग्रेसको अर्थनीतिको आधारभूत र अनिवार्य प्रतिबद्धता रहँदै आएको छ । निजी क्षेत्रको सशक्तीकरण कांग्रेस चाहन्छ, तर आवश्यकता पर्दा बजार हस्तक्षेप गर्नसक्ने सामर्थ्य, पूर्णप्रतिस्पर्धात्मक बजारलाई व्यवधान हाल्ने 'सिन्डिकेट'वादी वा कार्टलवादी सामूहिक एकाधिकारवादी बजार संयन्त्रको विरुद्धमा कांग्रेस रहेको छ ।

बिपी कोइरालाले नेपाली कांग्रेसले वरण गरेको प्रजातान्त्रिक समाजवादबारे धेरै व्याख्या गर्नुभएको छ । उहाँ भन्नुहुन्थ्यो, "हामीहरू समाजवादी हौँ । त्यसैले हामीहरू त्यस्तो व्यवस्था खडा गर्न चाहन्छौँ, जसले गरिबको हित गरोस् । नेपाल भन्ने बित्तिकै त्यो नेपाल गरिबको नेपाल हो । त्यो नेपाल गाउँको नेपाल हो । त्यो झुपडी र छाप्रोको नेपाल हो । नेपाल ठूला घर, महल र धनाढ्य मानिसहरूको नेपाल होइन । त्यसैले नेपालको उन्नति भनेको ठूलाठूला धनीहरूको उन्नति होइन । किसानको उन्नति गर्ने, मध्यम वर्गीय मानिसको उन्नति गर्ने, शिक्षक र कर्मचारीको उन्नति गर्न तथा जो सुकुम्वासी छन् उनीहरूको उन्नति गर्ने, यो हो विकास वा उन्नति भनेको समाजवादी दृष्टिकोण ।

उहाँको दृष्टिकोणमा समाजवाद भनेको केवल आर्थिक कार्यक्रम मात्र होइन, सामाजिक रूपान्तरण र न्यायपूर्ण समतामूलक समाजको स्थापना तथा सांस्कृतिक सुधार पनि हो । उत्पादन वृद्धि मात्र समाजवाद होइन, यो त पुँजीवादमा हुन्छ नै । उत्पादन वा उत्पादकत्वको वृद्धि मात्र आर्थिक विकासको पूर्णता पनि होइन, उत्पादनको न्यायोचित वितरण पनि आर्थिक पक्षको उत्तिकै जरुरी कुरा हो । नत्र धनी र गरिबका बीच ठूलो खाडल कायम रहिरहन्छ र त्यहीँबाट अन्याय, अशान्ति र अर्को द्वन्द्वको सुरुआत हुन्छ । अतः उत्पादनको न्यायोचित वितरण पद्धति हो समाजवाद । लोकतन्त्रले उत्पादन र उत्पादकत्व बढाउने वातावरण बनाउँछ/बनाउनुपर्छ, समाजवादले उत्पादनको न्यायोचित वितरणको बाटो बनाउँछ ।

समाजवाद विश्वव्यापी बौद्धिक आन्दोलनको परिचयात्मक शब्द होर । यस आन्दोलनको तात्पर्य समाजका आर्थिक सङ्गठनहरूले गरेका आर्थिक शोषण र त्यसबाट उत्पन्न सामाजिक विकृतिको अन्त्य गरी पूर्ण स्वतन्त्रताको वातावरणमा मानव विकासको मार्ग विस्तृत बनाउनु होर । समाजवादले समाजमा भएका असमानताको अन्त्य गरी समन्यायका आधारमा वितरण र अवसरलाई प्राथमिकता दिँदै सामाजिक परिवर्तन तथा रूपान्तरणका लागि वातावरण बनाउँछर । बिपीकै भाषामा भन्नुपर्दा, राजनीतिक र आर्थिक समानताको आन्दोलनका लागि प्रेरणा दिनु समाजवादको मुख्य लक्ष्य होर । समाजवादले राजनीतिक र आर्थिक पाटोलाई स्वीकार गर्छर ।

बिपीद्वारा प्रादुर्भाव नेपाली कांग्रेसको प्रजातान्त्रिक समाजवादले समाजका सबै वर्गको समान हक–अधिकार र विकासलाई सँगसँगै लगेको देखिन्छर । नेपालमा गाउँ नै गाउँ भएको र विभिन्न जातजाति बस्ने भएकाले ग्रामीण जनताका लागि लक्षित गरिएको विकास साँचो अर्थमा विकास हुन्छर । सहरको विकासमा मात्र जोड दिँदा वास्तविक समाजवाद अपनाएको मानिँदैन र त्यसलाई विकास पनि मानिँदैनर । शिक्षा र स्वास्थ्यसेवा क्षेत्रमा निजी क्षेत्रको एकाधिकार र राज्यको भूमिकाहीनतालाई समाजवादले स्वीकार गर्दैन । शिक्षित र स्वस्थ नागरिकको सुनिश्चितता कांग्रेसको समाजवाद हो । यी दुवै सेवामा राज्यले आफ्नो यथेष्ट बजेट विनियोजन गर्नाका साथै नागरिकलाई मुनाफारहित सेवा दिनुपर्छ । एक अर्थमा समाजवाद सामाजिक समुदायहरूबीच राष्ट्रियस्तरबाट सुखदुःख भाग लगाउने राजनीतिक कला पनि हो । त्यसकारण समाजवाद विज्ञान र कला दुवै हो । यो नै दीर्घकालीन शान्ति, अन्तरजातीय सद्भाव र सामाजिक ऐक्यबद्धताको आधार हो र राष्ट्रिय एकताको आधारशिला पनि हो ।

विसं २०१२ माघ ९ देखि १२ गतेसम्म वीरगञ्जमा भएको नेपाली कांग्रेसको छैटौँ महाधिवेशनले सुवर्ण शमशेरलाई पार्टीको सभापतिमा निर्वाचित गऱ्यो । यसै अधिवेशनमा कांग्रेसले समाजवादको नीति अवलम्बन गरेको हो । कांग्रेसले वरण गरेको प्रजातान्त्रिक समाजवादको नीति र कार्यक्रममा राजनीतिक प्रणाली तथा आर्थिक नीतिका पक्षबारे स्पष्ट निर्णय लिइएको थियो । राजनीतिमा प्रजातान्त्रिक प्रणाली, आर्थिक ढाँचा समाजवादी प्रणालीको विकास, संसदीय प्रजातन्त्र तथा संसद्मार्फत जनताप्रति उत्तरदायी मन्त्रिमण्डलको व्यवस्था, सर्वव्यापी वयस्क मताधिकार, एक सदनको संसद्, विकेन्द्रित प्रशासन, स्वतन्त्र न्याय विभाग, लिङ्ग, वर्ण एवं जाति निरपेक्ष राजनीतिक एवं नागरिक अधिकारको स्थापना, प्रजातन्त्रीय परम्पराको सुरक्षा, प्रमाणिक प्रशासक वर्गको जनसेवा आयोगद्वारा योग्यताका आधारमा नियुक्ति, हिसाब–किताबको निमित्त स्वतन्त्र महालेखा परीक्षक र शासनमा एकरूपता ल्याउन निमित्त राज्य (राजा रजौटा) हरूको उन्मूलन ।

आर्थिक नीतिमा, प्रजातान्त्रिक पद्धतिद्वारा समाजवादी अर्थ व्यवस्थाको स्थापना, सम्पूर्ण व्यवस्थाको राष्ट्रियकरण एवं विभिन्न उद्योगको एकीकरण, जमिनमा भएको सामन्तवादी अधिकारको उन्मूलन, क्षतिपूर्ति विना जङ्गलको राष्ट्रियकरण, बिर्ता होल्डिङको राष्ट्रियकरण, शिर र जिरायत जमिनको पुनः वितरण, जमिन्दारी प्रथाको उन्मूलन, सरकार तथा जमिन मालिकका बीच मध्यस्थविना तिरो बुझाउने व्यवस्थाको स्थापना, जमिनको सीमा निर्धारण र जमिनको चकलाबन्दी, समाजवादी कार्यक्रमअन्तर्गत निर्णय लिइएको थियो । कांग्रेसको दृष्टिमा पेटभरि खान पाइने आसाले मात्र दुनियाँमा कहीँ पनि आन्दोलन भएको छैन । आर्थिक पक्षबाहेक मानिस समानता र न्यायका लागि पनि लडिरहेको हुन्छ ।

समानता र न्यायको पक्षमा नेपाली कांग्रेसको मान्यतालाई लोकतान्त्रिक समाजवादले पूर्णता दिन्छ । लोकतन्त्रको सबैभन्दा सुन्दर पक्ष समानता र न्याय हो । लोकतन्त्रको अभिन्न अङ्ग हो समाजवाद । यो केवल प्रतीक होइन, नारा होइन । समाजवाद नेपाली कांग्रेसको प्रतिबद्धता हो, जसलाई प्रजातन्त्रको इन्जिनले गति दिन्छ । कृषिमा औद्योगिकीकरण, सेवाको औद्योगिकीकरण, सम्पूर्ण उत्पादन क्षेत्रको औद्योगिकीकरण प्रजातान्त्रिक समाजवादले खोजेको हुन्छ । लोकतन्त्रलाई समाजवादीकरण गर्न सकिएन भने त्यस्तो लोकतन्त्रले पनि अनेक अराजकता, असन्तुलन, विकृति र तानाशाह जन्माउने साधन बन्ने जोखिममा पर्न सक्छ । संविधानको मौलिक हकमा उल्लेख गरिएको शिक्षा, स्वास्थ्य र रोजगारको अधिकारलाई सुनिश्चित गरिएको छ तर यो विषय बिपीले उहिले नै परिकल्पना गर्नुभएको थियोर । उहाँले भन्नुभएको थियो, "हरेक जनताको एउटा घर होस्, बालबच्चालाई विद्यालय पठाउने वातावरण होस्, बिरामी पर्दा औषधिमूलो गर्ने पैसा होस् अनि आफ्नो श्रम र सीपको उपयोग गर्न पाउनुपर्ने व्यवस्थार । यसको सान्दर्भिकता र उपयोगिता अहिले पनि त्यत्तिकै छर ।

नेपालमा मात्र होइन, बिपी कोइरालाले दिनुभएको समाजवादका व्याख्यानलाई गम्भीरताका साथ हेरिने गर्दछ । कांग्रेसको समाजवादलाई बुझ्न बिपीका विचारहरूलाई बुझ्नुपर्छ । उहाँको विचारमा समाजवादमा जीवनका लागि साधन र पुँजीको माध्यमहरूको सञ्चालन एवं वितरण सबैका लागि समान हुनुपर्छ । आर्थिक समानतामा उत्पादनको वृद्धि अपेक्षित छ । समाजवादको आर्थिक धरातलमा मात्र राष्ट्रियताको अभिवृद्धि र प्रजातन्त्रको सुदृढीकरण सम्भव छ । समाजवाद कुनै कानुन होइन, आन्दोलन होइन, बरु यो एउटा सांस्कृतिक आन्दोलन हो ।

प्रजातन्त्रले राजनीतिक समानता स्थापित गर्छ र समाजवादले आर्थिक समानतालाई आश्वस्त पार्छ भन्ने उहाँको धारणा थियो । बिपीले समाजवाद र साम्यवादको फरकबारे स्पष्ट पार्दै भन्नुभएको छ, "समाजवाद भनेको साम्यवाद हो । त्यसमा प्रजातन्त्र थपिएको हुन्छ र साम्यवाद भनेको समाजवाद हो, त्यसमा प्रजातन्त्र झिकिएको हुन्छ । साम्यवादमा प्रजातन्त्र थपिदिएमा त्यो समाजवाद भयो । समाजवादबाट प्रजातन्त्र झिकिदियो भने त्यो साम्यवाद हो । प्रजातन्त्र र साम्यवाद पारस्परिक रूपमा विपरीत दर्शन भएकाले एकै ठाउँमा मिल्न नसक्ने स्पष्ट छ । त्यसैले उहाँको भनाइको मूल मर्म भनेको यी दुवै दर्शनका सकारात्मक पक्षलाई समेटेर लोकतान्त्रिक समाजवादको मध्यमार्गी बाटो अपनाउनु उपयुक्त हुनेछ । (नेपाली कांग्रेसका नेता केसीसँग गरिएको कुराकानीमा आधारित)

# सुरक्षित यात्रा र महँगी नियन्त्रणका लागि सांसदद्वारा सरकारको ध्यानाकर्षण

काठमाडौं, २४ भदौ (रासस)।

सांसदहरूले नजिकिँदै गएको चाडपर्वमा सुरक्षित यातायात सेवा र महँगी नियन्त्रणका लागि सरकारको ध्यानाकर्षण गराएका छन्। प्रतिनिधिसभाको सोमबारको बैठकमा शून्य समयमा सांसद बिजुला रायमाझीले आउँदै गरेको चाड दसैँमा काठमाडौं उपत्यकाबाट लाखौंको सङ्ख्यामा नागरिक बाहिरिने भन्दै लामो दूरीको यात्रा सुरक्षित बनाउन सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो।

उहाँले सवारी दुर्घटनाको जोखिम न्यूनीकरणका लागि सडक मर्मत र सम्भार गर्न माग गर्नुभयो। "मनसुनका कारण पहाडका सडक क्षतविक्षत् छन्। लामा दूरीका सडक जस्तै मुग्लिन–नारायणगढ, नारायणगढ–बुटवल खण्ड अत्यन्त जोखिमपूर्ण यात्रा गर्नुपर्ने अवस्था छ", सांसद रायमाझीले भन्नुभयो, "उक्त सडक खण्डमा सामान्य समयमा पनि लामो समय जाममा बस्नुपर्ने बाध्यता छ। अब दसैँका समयमा काठमाडौँबाट बाहिरने यात्रु यही सडकमा हिँड्दा अवस्था के होला ?"

यस्तै, अर्का सांसद रामकृष्ण यादवले चाडपर्व नजिकिँदै गर्दा अहिल्यै दैनिक उपभोग्य खाद्यान्नको मूल्य वृद्धि हुन राम्रो सङ्केत नभएको बताउनुभयो। उहाँले अत्यावश्यक सेवा तथा उपभोग्य वस्तुको महँगी नियन्त्रणका लागि सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो। "चाडपर्व लक्षित कालोबजारी र कृत्रिम अभावको नियन्त्रण गर्न आग्रह गर्छु", सांसद यादवले भन्नुभयो।

शून्य समयमा बोल्दै सांसद रेखा शर्माले पनि चाडपर्वको समयमा सडकको स्तरोउन्नति नहुँदा सडक दुर्घटना बढनेप्रति सचेत गराउनुभयो। उहाँले बुटवल–नारायणगढ सडक पुनःनिर्माणमा भइरहेको ढिलाइप्रति ध्यानाकर्षण गराउँदै चाडपर्व लक्षित गरेर उक्त सडक तत्काल मर्मतसम्भार गर्न माग गर्नुभयो।

सांसदहरू रोशन कार्की र रुक्मणी राना बराइलीले दसैँको मुखमा खाद्यान्नको मूल्यवृद्धि र अभावले आम नागरिकलाई चाडपर्वप्रतिको मनोविज्ञानमा डर पैदा गरेको गुनासो गर्नुभयो। उहाँहरूले बजारको अनुगमनसँगै सडक सुरक्षाका लागि आवश्यक सबै प्रकारको तयारी थाल्न सरकारको ध्यानाकर्षण गराउनुभयो। सभाको शून्य समयमा सांसदहरूले सर्वोच्च अदातले काठमाडौँ उपत्यकाको बागमतीसहितका नदी किनारामा निर्माण निषेधित क्षेत्र तोक्ने मापदण्डसम्बन्धी फैसलाप्रति असन्तुष्टिसमेत व्यक्त गर्नुभएको छ।

बागमतीसहितका नदी किनारामा २० मिटर खाली छाड्नुपर्ने फैसलाले धेरै घरपरिवार प्रभावित हुने भन्दै सांसद रामहरि खतिवडाले उक्त फैसलामाथि सरकारले छिट्टै पुनरावलोकन (भ्याकेट) को मा जान माग गर्नुभयो। "सर्वोच्च अदालतको फैसलाका कारण उपत्यकावासी जो नदी किनारामा बसोबास गरिरहेका छन्, उनीहरूको उठिबास हुने भएको छ। सरकारले भ्याकेटमा भएर जनतालाई सहज हुने काम गर्नुपर्छ", सांसद खतिवडाले भन्नुभयो। सांसद खतिवडासँगै अर्का सांसद मेटमणि चौधरीले पनि उक्त फैसलाको भ्याकेटमा जान माग गर्नुभयो।

शून्य समयमा सांसद लालप्रसाद सावा लिम्बूले लालपुर्जा वितरणमा भइरहेको ढिलाइप्रति ध्यानाकर्षण गराउनुभयो। उहाँले सरकारको लक्ष्यका बाबजुद पनि ठोस उपलब्धि हासिल नभएको भन्दै अधिकार सम्पन्न आयोग गठन गर्न माग गर्नुभयो। "१८ वटा भूमि आयोग गठन र विघटन भए तापनि १३ लाख भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोबासीहरूले लालपुर्जा प्राप्त गर्न सकेका छैनन्", सांसद लिम्बूले भन्नुभयो।

सांसद भगवती चौधरीले मोरङ, सुनसरीस्थित बूढीखोला करिडोर योजना निर्माण अलपत्र परेको बताउनुभयो। यस्तै, सांसद भीमप्रसाद आचार्यले इनरुवा क्षेत्रको सडक निर्माणलाई तीव्रता दिन ध्यानाकर्षण गराउनुभयो। सांसद मनिष झाले धनुषा जिल्लामा पर्यटनरको सम्भावनाका विषय उल्लेख गर्दै अध्यागमन कार्यालय र इलाका प्रशासन कार्यालयको यथाशीघ्र व्यवस्थापनको माग गर्नुभयो।

सांसद माधव सापकोटाले दोलालघाटदेखि तातोपानीको सडक मर्मत एवं स्तरोन्नतिका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद मीना तामाङले आकस्मिक, शून्य र विशेष समयमा सदनमा उठेको कुराप्रति सरकार जवाफदेही हुनुपर्ने सुझाव दिनुभयो। सांसद मङ्गलप्रसाद गुप्ताले भारतीय पर्यटकको सवारी साधानमाथि लाग्ने कर वृद्धिले पर्यटकलाई हतोत्साहित गरेको बताउनुभयो। सांसद रणकुमारी बलम्पाकी मगरले मुलुकको समृद्धिका लागि सकारात्मक प्रयास र उदाहरण छायाँमा परेको गुनासो गर्नुभयो। सांसद रणेन्द्र बरालीले सत्तापक्ष र प्रतिपक्षबीच मुलुक निर्माणका लागि एक हुन सुझाव दिनुभयो। सांसद रेखा यादवले खेलाडीप्रति सरकारले लगानी बढाउन जोड दिनुभयो। सांसद लक्ष्मी तिवारीले मङ्की पक्सबारे सतर्कता अपनाउन देशका विभिन्न सीमामा विशेष सुरक्षा र स्वास्थ्य सतर्कता अपनाउन सचेत गराउनुभयो।

सांसद मुक्ताकुमारी यादव, सांसद मेनकाकुमारी पोखरेल, रमा कोइराला पौडेल र राजेन्द्र बजगाईँले मुलुकको समग्र विकास एवं समृद्धिका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो। शून्य समयमा नेपाली कांग्रेसका सांसदहरूले बिपी कोइरालाको जन्मजयन्तीका अवसरमा उहाँको स्मरणसमेत गर्नुभयो।

# दश महिनादेखि आफ्ना मागको सुनुवाइ नभएको कवाडी व्यवसायीको गुनासो

काठमाडौं, २४ भदौ (रासस)।

काठमाडौँ महानगरमा निर्वाध रूपमा कवाड व्यवसाय गर्न पाउनुपर्ने माग गर्दै कवाड व्यवसायी समाज नेपाल १० महिनादेखि सङ्घर्षरत छ। महानगरमा कवाड व्यवसाय गर्ने वतावरण बनाइदिन माग गर्दै व्यवसायीले काठमाडौँ महानगरलाई बारम्बार ताकेता गर्दै आएका छन्।

विभिन्न चरणमा दबाबमूलक कार्यक्रम गरिए पनि १० महिनादेखि महानगरले आफ्ना मागको सुनुवाइ नगरेको कवाड व्यवसायी समाजका अध्यक्ष रामकेवल गुप्ताले गुनासो गर्नुभयो। वर्षौंदेखि कवाड व्यवसाय सञ्चालन गर्दै आएका कवाड व्यवसायीलाई पलायन हुनेगरी महानगरले व्यवसाय सञ्चालन गर्न नदिएको उहाँको भनाइ छ।

"पटक पटक पत्रकार सम्मेलन गरेर हाम्रा मागका सन्दर्भमा महानगरको ध्यानाकर्षण गरायौं, हुलाकमार्फत पनि मागपत्र पठायौं, हालसम्म कुनै सम्बोधन भएको छैन", अध्यक्ष गुप्ताले भन्नुभयो।

यता महानगरले भने वातावरण फोहर गरेको, आगजनीका तथा चोरीका घटना बढेको भन्दै कवाड व्यवसायीलाई व्यवसाय गर्न दिएको छैन।

कामपाका प्रवक्ता नवीन मानन्धरले महानगरभित्र कवाड व्यवसायले कसैलाई पनि फाइदा नपुग्ने भएकाले व्यवसायीलाई महानगरभित्र व्यापार गर्न नदिने निर्णय भएको बताउनुभयो। उहाँले भन्नुभयो, "जेसुकै भए पनि महानगरभित्र कवाड राखेर कसैलाई पनि फाइदा भएको छैन। उद्योग पनि फष्टाएको छैन, त्यसकारण महानगरभित्र कुनै पनि कवाडी पसल र डिपो राख्न नदिने महानगरले स्पष्ट निर्णय गरेको छ।"

प्रचलित कानुनबमोजिम सम्बन्धित निकायको अनुमतिमा काठमाडौं महानागरपालिकाको विभिन्न वडामा कवाड व्यवसाय सञ्चालन गर्दै आएको समाजले जनाएको छ। व्यवसायीले कवाडी सामान जफत र तोडफोड गर्नेलगायत कवाड व्यवसायीमाथि गरिएको व्यवहार तत्काल रोक्न र निर्वाध रूपमा व्यवसाय गर्ने वातावरण सिर्जना गर्न महानगरसमक्ष माग गरेका छन्।

"हाम्रो मुख्य माग भनेको वर्षौंदेखि हामीले गर्दै आएको कवाडी व्यवसाय गर्न पाउनुपर्‍यो", समाजका अध्यक्ष गुप्ताले भन्नुभयो, "कवाडका नाममा विभिन्न थरीको कर तिर्छौं तर अनावश्यक कर लगाइनु भएन, रोजीरोटी गुम्नुभएन।"

कवाड सामग्रीमा प्लास्टिकको बोटल, बियर, वाइनआदिका बोटल, फलामका सामग्री, कागजलगायत सामग्री पर्छन्। कवाड व्यवसायीले उद्योगलाई एक महिना कच्चापदार्थ उपलब्ध (सप्लाइ) नगर्ने हो भने उद्योग आर्थिक सङ्कटमा पर्ने अध्यक्ष गुप्ताले दाबी गर्नुभयो।

देशमा रोजगारीको सुनिश्चित हुनुपर्ने, महानगरले कवाड व्यवसायीको मर्म र भावना बुझिदिनुपर्ने, अनावश्यक करको बोझ थप्न नहुने व्यवसायीको भनाइ छ। काठमाडौँ उपत्यकामा मात्रै करिब ५० हजार कवाड व्यवसायी रहेका समाजले जनाएको छ।

"फोहरबाट मोहर बनाइरहेका हामीलाई किन सास्ती दिइयो, फोहर व्यवस्थापन, वातावरण सन्तुलन, उद्योगलाई कच्चापदार्थ उपलब्ध गरिरहेका छौं, आवश्यक कर पनि तिरिरहेका छौं, रोजगारी सिर्जना भएको छ तर हामीलाई काठमाडौंबाट लखेट्न खोजियो", अध्यक्ष गुप्ताले गुनासो पोख्नुभयो।

कवाड व्यवसायमा अर्बौं लगानी भइसकेको व्यवसायीको भनाइ छ। दश महिनामा एक दिन पनि महानगरले मागबारे कुरा गर्न नचाहेको भन्दै कवाड व्यवसायीले यो मुद्दालाई राष्ट्रिय रूपमा उठाएर उद्यमशीलताको विकास र रोजगारीको अवसर प्रदान गर्न लागिपर्ने जनाएको छ। काठमाडौँ उपत्यकामा मात्रै करिब एक हजार कवाड सङ्कलन गर्ने डिपो छन्। ललितपुर र भक्तपुरमा पनि उल्लेख्य सङ्ख्यामा कवाड डिपो रहेका छन्।

उद्योगलाई कच्चापदार्थ सप्लाई गरेर अर्बौंको कारोबार गरिरहेका व्यवसायीले मुलुकको अर्थतन्त्रमा पनि योगदान पुऱ्याउँदै आएको उनीहरूको भनाइ छ। सङ्कलित कवाड स्वदेशी उद्योगका साथै भारतमासमेत निर्यात हुने गरेको समाजका अध्यक्ष गुप्ताले जानकारी दिनुभयो। "विभिन्न डिपोबाट जम्मा गरिएका सामान उद्योगलाई दिइन्छ। नेपालमा धेरै स्टिल उद्योग

*बाँकी अन्तिम पृष्ठमा*

# विश्व समाचार

## हसिनाको सुपुर्दगीको माग गर्दै बंगलादेश

ढाका, २४ भदौ (रासस/एएफपी)।

बङ्गलादेशका अपदस्थ नेता शेख हसिनालाई छिमेकी भारतबाट स्वदेश फिर्ता गराउन सकिने बङ्गलादेशको युद्ध अपराध न्यायाधिकरणले जनाएको छ।

बङ्गलादेशमा विद्यार्थी नेतृत्वको आरक्षण विरोधी प्रदर्शनले राजनैतिक रूप धारण गरेपछि तत्कालिन प्रधानमन्त्री सेख हसिना अगस्ट ५ मा हेलिकप्टरमार्फत भारतको नयाँदिल्ली पुग्नुभएको थियो। उहाँको विदेश पलायनपछि सेना प्रमुखले हसिनाले प्रधानमन्त्री पदबाट राजिनामा दिएको घोषणा गर्नुभएको थियो।

बङ्लादेशको अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरण (आईसीटी) का प्रमुख अभियोजक मोहम्मद ताजुल इस्लामले मुख्य अभियुक्त हसिना विदेश पलायन भएको अवस्थामा उहाँलाई फिर्ता ल्याउन कानुनी प्रक्रिया सुरु गरिने बताउनुभएको छ।सन् १९१७ मा स्वतन्त्रताको लडाइँका क्रममा भएका अत्याचारको छानबिन गर्न हसिना आफैले सन् २०१० मा आईसीटीको स्थापना गर्नुभएको थियो।

हाल हसिनाको सरकारमाथि सामूहिक नजरबन्द तथा राजनीतिक विरोधीको हत्यासहित व्यापक मानव अधिकार हननको आरोप लागेको छ। हसिना प्रशासनले सन् २०१३ मा भारतसँग बङ्लादेशले उक्त सन्धिमा हस्ताक्षर गरेको इस्लामले उल्लेख गर्नुभयो। हसिनालाई बङ्गलादेम भएको नरसंहारको मुख्य अभियुक्तका रुपमा व्याख्या गर्दै कानुनी रूपमा उहाँलाई बङ्गलादेश फिर्ता ल्याउने प्रयास गर्ने इस्लामले बताउनुभयो।

अपदस्त प्रधानमन्त्री हसिना बङ्लादेशबाट भागेदेखि सार्वजनिक रूपमा देखा पर्नु भएको छैन भने उहाँको अन्तिम आधिकारिक ठेगाना भारतको राजधानी नयाँदिल्ली नजिकैको सैन्य एयरबेस रहेको जनाइएको छ। ढाकाले हसिनाको कूटनीतिक पासपोर्ट औपचारिकरूपमा रद्द गरिसकेको छ भने भारतसँगको द्विपक्षीय सुपुर्दगी सन्धिले आपराधिक मुद्दाको सामना गर्न स्वदेश फर्कन अनुमति दिन्छ।

यद्यपि सन्धिको एक खण्डमा अपराध 'राजनीतिक चरित्र' को भएमा सुपुर्दगी अस्वीकार गर्न सकिने प्रावधान रहेको छ। राजनैतिक उथलपछिको सरकार प्रमुखको कार्यभार सम्हालेका नोबेल शान्ति पुरस्कार विजेता अन्तरिम नेता मुहम्मद युनुसले गत हप्ता हसिनालाई मुद्दाको सामना गर्न स्वदेश नफर्की निर्वासित रहँदासम्म 'शान्त बस्न' प्रेस ट्रस्ट अफ इन्डिया (पिटिआई) सँगको कुराकानीमा आग्रह गर्नुभएको थियो।

हसिनाको वहिर्गमनभन्दा पहिले हप्तौंसम्म भएको आन्दोलनका क्रममा ६०० भन्दा बढी मानिसहरू मारिएको राष्ट्रसङ्घको प्रारम्भिक प्रतिवेदनले जनाएको थियो। बङ्गलादेशले यसअघि हसिनाको शासनकालमा सुरक्षा बलद्वारा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको विषयमा उच्च अदालतका सेवानिवृत्त न्यायाधीशको नेतृत्वमा अनुसन्धान सुरु गरेको छ।

## मेक्सिकोमा न्यायिक सुधारको प्रस्तावको विरोधमा प्रदर्शन

मेक्सिको सिटी, २४ भदौ (रासस/एएफपी)।

लोकप्रिय मतबाट न्यायाधीश चयन हुने विवादास्पद न्यायिक सुधार प्रस्तावको विरोधमा मेक्सिकोका हजारौं नागरिकले आइतबार राजधानीमा प्रदर्शन गरेका छन्। मुख्यतया अदालतका कर्मचारी र कानूनका विद्यार्थीले प्रस्तावको विरोध गरेका हुन्।

निवर्तमान राष्ट्रपति आन्द्रेस म्यानुएल लोपेज ओब्राडोरले अघि सारेको र तल्लो सदन 'चेम्बर अफ डेपुटीज' ले पारित गरेको पहलमाथि सिनेटले बहस सुरु गरेपछि मेक्सिको सिटीमा भेला भएका प्रस्तावविरोधी नागरिकले प्रदर्शन गरेका छन्। सर्वोच्च अदालत र अन्य न्यायाधिकरणका न्यायाधीशहरूको साथसाथै न्यायिक प्रशासकहरूको निर्वाचनको पक्षमा प्रस्तावित सुधार योजना रहेको छ।

यो प्रस्तावले संयुक्त राज्य अमेरिकासँग कूटनीतिक तनाव बढाएको छ भने विपक्षीहरूलाई सडकमा ओरालेको छ र वित्तीय बजारलाई अस्तव्यस्त बनाएको छ। सिनेटमा प्रदर्शन गरेका प्रदर्शनकारीले बुधबार उक्त प्रस्तावमाथि मतदान हुने अपेक्षा गर्दै 'न्यायपालिका ढल्ने छैन' भन्ने नारा लगाएका थिए।

सिनेटका समितिहरूले आइतबार राति उक्त विधेयकलाई अनुमोदन गरेका थिए र त्यसको एक दिनपछि मतदान हुनुअघि मङ्गलबार सिनेटको पूर्ण बैठकमा प्रस्तुत हुने अपेक्षा गरिएको छ।लोपेज ओब्राडोरका विरोधीहरूले सर्वोच्च अदालतलाई यस विषयमा हस्तक्षेप गर्न आग्रह गरेका छन् तर लोपेज ओब्राडोरले अदालतलाई त्यसा गर्ने कुनै कानुनी आधार नभएको बताउनुभएको छ।

## नाइजेरियामा इन्धन ट्याङ्कर विस्फोट, कम्तीमा ५२ जनाको मृत्यु

लागोस, २४ भदौ (रासस/एएफपी)।

उत्तरी नाइजेरियाको नाइजर राज्यमा यात्रु र गाईवस्तु बोकेको ट्रकसँग इन्धन बोक्ने ट्याङ्कर ठोक्किँदा कम्तीमा ५२ जनाको मृत्यु भएको आपतकालीन उद्धारका लागि काम गर्ने एक निकायले सोमबार जनाएको छ।

नाइजर स्टेट इमर्जेन्सी म्यानेजमेन्ट एजेन्सी (सेमा) का प्रवक्ता इब्राहिम हुसेनीले घटनाबारे एएफपीसँग भन्नुभयो, "आइतवार बिहान भएको दुर्घटना र विस्फोटपछि मृतकको सामूहिक अन्त्येष्टि गरिएको छ।""पीएमएस (ईन्धन) लोड गरिएको पेट्रोल ट्याङ्कर यात्रु र गाईवस्तु बोकेको ट्रेलर ट्रकसँग ठोक्किँदा यो घटना भएको हो,' सेमाले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

उक्त दुर्घटनामा अन्य दुई सवारी साधन, एउटा क्रेन र एउटा पिकअप भ्यान पनि दुर्घटनाग्रस्त भएका छन्। अफ्रिकाको सबैभन्दा बढी जनसङ्ख्या भएको देशमा इन्धन ट्याङ्कर विस्फोट हुँदा पटक पटक ठूलो सङ्ख्यामा मानवीय हताहत हुने गरेको छ। इन्धन ट्याङ्करको दुर्घटनापछि स्थानीयले जोखिम लिई चुहिएको इन्धन चोर्ने प्रयास गर्दा आगलागी हुने र यसबाट ठूलो सङ्ख्यामा मानवीय क्षति हुने गरेको पाइन्छ। सडकको खराब अवस्था, पुराना सवारी साधन र चालकको लापर्बाहीका कारण अफ्रिकामा यस्ता दुर्घटना हुने गरेका पाइन्छ।

# भारतमा ८ नेपाली सम्मानित




**दैनिक समाचारदाता**
**राजविराज, २४ भदौ ।**
भारतको पश्चिम बंगाल राज्यको दार्जिलिङमा "ग्लोबल ह्युमन राइट्स इण्डो-नेपाल" मित्रता पुरस्कारबाट ८ जना नेपालीलाई सम्मान गरिएको छ ।

ग्लोबल ह्युमन राइट्स प्रोटेक्सन फाउण्डेशन रिसर्च इन्स्टिच्युटद्वारा सोमबार आयोजित एक कार्यक्रमबीच ८ जना नेपालीलाई सो पुरस्कारबाट सम्मान गरिएको हो ।

सम्मानित हुनेहरुमा सप्तरीकी सुनिता साह "क्रान्ति", मो. अनवर अली, मिथिलालाल मधुकर, नेत्रबिक्रम साह, डा. नवलकिशोर साह, डा. अनिसा अछामी, समोदकुमार साह र कामेश्वर साह छन् ।

मानवअधिकार, महिला शसक्तिकरण, सामाजिक न्याय तथा कोरोना कालमा पीडित भएकाहरुको विभिन्न माध्यमले सहयोग पुऱ्याएवापत उनीहरुलाई सो पुरस्कारबाट सम्मानित गरिएको कार्यक्रम आयोजक संस्थाका अध्यक्ष महानन्द सरकारले बताए ।

उनीहरुलाई कार्यक्रमका प्रमुख अतिथि समाजसेवी अशोक अग्रवालले सम्मानपत्र, प्रतिक चिन्ह र मेडल प्रदान गरे । उक्त संस्थाले प्रत्येक वर्ष मानवअधिकार, महिला शसक्तिकरण, सामाजिक न्याय र समाजसेवा क्षेत्रमा योगदान पुऱ्याउने नेपाल र भारतका अभियन्ताहरुलाई छनौट गरि पुरस्कृत गर्दै आएको छ ।

# डेङ्गीबाट झापामा दुईजनाको मृत्यु, कोशीमा एक हजार ६५ जना संक्रमित

झापा, २४ भदौ (रासस) ।
कोशी प्रदेशमा डेङ्गीबाट गत साउनदेखि हालसम्म एक हजार ६५ जना सङ्क्रमित भएका छन् । यस अवधिमा डेङ्गी सङ्क्रमणका कारण झापामा दुईजनाको मृत्यु भएको छ ।

स्वास्थ्य कार्यालयका डेङ्गी फोकल पर्सन वीरेन्द्र दासका अनुसार झापामा डेङ्गीबाट मृत्यु हुनेमा हल्दिबारी-३ की ४२ वर्षीया विमला दाहाल पौडेल र विर्तामोड-४ का आठ वर्षीय आलोकजङ्ग बस्नेत रहेका छन् । झापामा साउन १ गतेयता सङ्क्रमितको सङ्ख्या एक सय २८ पुगिसकेको छ ।

कोशी प्रदेशमा यस अवधिमा सबैभन्दा बढी मोरङमा सङ्क्रमितको सङ्ख्या पाँच सय ३२ पुगेको छभने त्यसपछि झापा, धनकुटा र सुनसरीमा डेङ्गीका सङ्क्रमित धेरै पाइएको छ । ताप्लेजुङमा भने डेङ्गीको एकजना पनि सङ्क्रमित पाइएको छैन ।

स्वास्थ्य निर्देशनालय धनकुटाका फोकल पर्सन सुरक्षा खत्रीका अनुसार धनकुटामा ८० र सुनसरीमा ७० जनामा डेङ्गीको सङ्क्रमण भएको छ । यसैगरी, उदयपुरमा ६९ जना, भोजपुरमा ६८, सङ्खुवासभामा ६७, ओखलढुङ्गामा २९, पाँचथरमा २१, सोलुखुम्बुमा ६, इलाममा पाँचजना, खोटाङमा चारजना र तेह्रथुममा दुईजनामा डेङ्गी सङ्क्रमण भएको पाइएको छ ।

गत वैशाखदेखि नै कोशी प्रदेशका अधिकांश जिल्लामा डेङ्गीको सङ्क्रमण फैलिन थालेको थियो । वैशाखदेखि असारसम्म कोशीमा तीन सय ८६ जनामा डेङ्गी सङ्क्रमण भइसकेको थियो ।

झापामा साउन १ गतेयता सबैभन्दा धेरै विर्तामोडमा ८१ जनामा डेङ्गीको सङ्क्रमण भेटिएको छ । त्यसपछि दमकमा २२ जनामा सङ्क्रमण पुष्टि भयो भने हल्दिबारीमा सातजना र भद्रपुरमा पाँचजनामा डेङ्गीको सङ्क्रमण भेटिएको छ ।

# पूर्वमुख्यमन्त्री कार्की प्रदेश सरकारविरुद्ध अनशन बस्ने घोषणा

**दैनिक समाचारदाता**
**बिराटनगर, २४ भदौ ।**
नेपाली कांग्रेस कोशी प्रदेशका सांसद तथा पूर्वमुख्यमन्त्री केदार कार्कीले प्रदेश सरकारविरुद्ध अनशन बस्ने घोषणा गरेपछि तरङ्ग सिर्जना भएको छ । कार्कीले मुख्यमन्त्री हिक्मतकुमार कार्कीलाई आइतबार स्मरणपत्र पठाउँदै आफ्ना माग ४८ घण्टाभित्र पूरा नभए विराटनगरस्थित प्रदेशसभा भवनको गेटअगाडि अनशन बस्ने घोषणा गरेका हुन् ।

उनले दश वर्षमुनिका बालबालिकाकाका लागि विशिष्टीकृत सेवासहित निःशुल्क उपचार कार्यक्रम नियमित गर्नुपर्ने, बजेटमा २५ लाखभन्दा तलका आयोजना नराख्ने नीति लिनुपर्ने माग राखेका छन् ।

यस्तै शैलजा आचार्य हृदयरोग उपचार केन्द्रको सञ्चालन गर्नुपर्ने, महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन भत्ता उपलब्ध गराउनुपर्ने, घिउ तथा धूलो दुधको निर्यातमा प्रोत्साहन रकम वितरण कार्यक्रम यथावत् राख्नुपर्ने, सुनसरी-मोरङ केसलिया करिडोरको विकास कार्यक्रममा पर्याप्त बजेट दिनुपर्ने, कृषि र प्राविधिक शिक्षाका विद्यार्थीलाई छात्रवृत्ति दिनुपर्ने, डाक्टर, इन्जिनियरलगायत विभिन्न विधाका विद्यार्थीलाई छात्रवृत्ति दिनुपर्ने र जनावरमैत्री जङ्गल निर्माण गर्नुपर्ने माग पनि अघि सारेका छन् ।

सङ्घ र प्रदेशका सत्ता सहयात्री दलका एक सांसदले प्रदेश सरकारविरुद्ध अनशन बस्ने घोषणाले दुई दलबिच शङ्काको वातावरण पैदा हुनसक्ने कतिपय बताउँछन् । यद्यपि नेकपा एमालेका प्रमुख सचेतक रेवतीरमण भण्डारी भने केदार कार्कीले अनशन गर्नुको कुनै औचित्य नभएको बताए ।

'त्यसको पछाडि कुनै औचित्य छैन । उहाँको मुख्यमन्त्री छोड्नु परेको कुण्ठा हो । उहाँले राखेका माग पुरा गर्नुपर्ने कुनै कारण छैन, आधार छैन र सत्यता पनि छैन । कांग्रेस मौन देखिनुको अर्थ त्यसमा सहमत छैन भन्ने कुरा हो,' उनले भने, 'त्यो दलको सदस्य भएको नाताले त्यो दलले उहाँलाई कन्ट्रोल गर्ला भन्ने कुरामा हामी आशावादी छौं ।'

नेपाली कांग्रेस संसदीय दलका उपनेता हिमाल कार्कीले पनि केदार कार्कीले सुरु गर्ने भनेका अनशन लगायतका कार्यक्रम व्यक्तिगत भएको दाबी गरे । 'उहाँको अभिव्यक्तिहरू सबै व्यक्तिगत हो । यो विषयमा पार्टीमा उहाँले राख्नु भएको पनि छैन । मुख्यमन्त्री हुँदा पनि उहाँले के के कार्यक्रम ल्याउनु भयो । त्यो विषयमा सल्लाह पनि भएको थिएन,' कार्कीले भने, 'सरकार गठन, विघटनबारे दलले गर्ने निर्णयले निर्भर गर्छ । उहाँ कांग्रेस दलको एक जना सदस्य हो । एक जनाले के गर्छ त्यो सबै दलको जिम्मेवारीभित्र पर्दैन । दलले जे निर्णय गर्छ, त्यही आधिकारिक हुन्छ ।'

कार्कीले उठाएका केही विषयवस्तु सान्दर्भिक भएपनि त्यसको व्यवहारिक पक्ष हेर्नुपर्ने उनले बताए । 'प्रदेशको आयस्रोतले धान्न सक्छ कि सक्दैन ? त्यसको कार्ययोजना छ कि छैन । यस विषयमा कांग्रेस अनविज्ञ छ,' कार्कीले भने ।

यसअघि भदौ १४ गते प्रदेशसभा बैठकमा कांग्रेसको तर्फबाट विशेष समय लिएर बोल्दै केदार कार्कीले मुख्यमन्त्री हिक्मतकुमार कार्की र सरकारको कडा आलोचना गरेका थिए । त्यस विषयमा पनि कांग्रेस दलको बैठकमा गम्भीर छलफल भएको उपनेता हिमाल कार्कीले जानकारी दिए ।

'सदनमा उहाँले १४ गते कांग्रेसको तर्फबाट विशेष समय लिएर जुन अभिव्यक्ति दिनुभयो, त्यसमा कांग्रेसको गम्भीर ध्यानाकर्षण भएको छ । यो विषय दलको बैठकमा पनि छलफल भयो,' उनले भने, 'छलफलले दलको तर्फबाट बोल्ने माननीयहरूले आफूले बोल्ने विषयबारे दललाई जानकारी दिएर मात्रै बोल्ने भन्ने निष्कर्ष निकालेको छ ।' रातोपाटीबाट

# 'समानुपातिक निर्वाचन प्रणाली खारेज गर्नेगरी संविधान संशोधन गर्नु हुँदैन'

काठमाडौं, २४ भदौ (रासस) ।
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद हितबहादुर तामाङले समानुपातिक निर्वाचन प्रणाली खारेज गर्ने गरी संविधान संशोधन गर्न नहुने बताउनुभएको छ । वर्तमान संविधानको मूल उद्देश्य जीवित राख्दै संविधान संशोधन गरिए मात्रै संविधान संशोधनमा सहयोग गर्ने उहाँले उल्लेख गर्नुभयो ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा विशेष समयमा बोल्दै सांसद तामाङले अहिलेको संविधानमा विद्यमान रहेका जनताका अधिकारलाई कुण्ठित गरेर २०४७ सालको संविधानतिर उन्मुख हुने कार्य कदापी मान्य नहुने बताउनुभयो । उहाँले भन्नुभयो, "यदि संविधान संशोधन नै गर्ने हो भने समानुपातिक निर्वाचन प्रणाली नै खारेज गर्ने गरी होइन, २०७२ सालको संविधानमा विद्यमान रहेका सबै भाव जीवित राख्नुपर्छ ।"

सांसद तामाङले संविधानमा उल्लेख गरिएको सङ्घीय गणतन्त्र, धर्म निरपेक्षता र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने सबै संवैधानिक व्यवस्थाको प्रतिकूल नहुने गरी संविधान संशोधन गरिनुपर्नेमा जोड दिनुभयो । साथै उहाँले कार्यकारी अधिकारसहितको प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको व्यवस्था गर्ने गरी पूर्ण समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्ने गरी संविधान संशोधन गरेमा मात्रै आफ्नो पार्टीले समर्थन जनाउने बताउनुभयो ।

# अब सरकारी कार्यालयको खाजा समय ३० मिनेट

काठमाडौं, २४ भदौ (रासस) ।
सरकारले सरकारी कार्यालयको खाजा खाने समय ३० मिनेट तोकेको छ । यसअघि खाजा खाने समयमा सेवाग्राहीका काम रोकिएको गुनासो आएपछि सरकारी कार्यालयहरुको खाजा खाने समय ३० मिनेट कायम गरिएको प्रधानमन्त्री केपी शर्मा ओलीले सामाजिक सञ्जालमार्फत जानकारी दिनुभएको छ ।

प्रधानमन्त्री ओलीले भन्नुभएको छ, "खाजा पनि खानु पर्छ, तर खाजा खाने नाममा धेरै समय कार्यालयको काम रोकिनु हुँदैन, कतिपय सरकारी कार्यालयमा खाजा समय एक घण्टा लिने गरेको पाइएकोले त्यसबाट घटाएर हरेक दिन १:३० देखि २ बजेसम्म कायम गरिएको छ ।"

उहाँले कार्यालयको खाजा समयको नियमलाई उल्लङ्घन गरेको पाइएमा हेल्लो सरकारमा गुनासो गर्न अनुरोध समेत गर्नुभएको छ ।

***दश महिनादेखि ...***

छन् । बियर, वाइन, ह्विस्की, प्लास्टिक उद्योग आदिले कवाडी सामान लिन्छन्", उहाँले भन्नुभयो ।

महानगरले ज्ञापनपत्र पनि लिन नमानेर आफूहरूलाई अपहेलित गरेको कवाड व्यवसायीको गुनासो छ । कर सङ्कलन हुने, प्रदूषण नियन्त्रण तथा उद्योगलाई कच्चापदार्थ उपलब्ध गराउने गरेको कवाड व्यवसायीले बताएका छन् । आफ्ना मागको सुनुवाइका लागि कवाड व्यवसायीले माइतीघर, सुन्धारा, पुतलीसडकलगायत स्थानमा धर्ना, जुलुस र नाराबाजीसहित सङ्घर्ष गर्दै आएका छन् ।


## सर्टिफिकेट हराएको सूचना

जिल्ला सप्तरी कंचनरुप नगरपालिका वडा नं. १० बस्ने अन्जनी कुमारी यादवको Serial No. M 0129772 र NEB Registration No. 741508007 भएको Migration Certificate २०८१ साउन १० गते राजविराजबाट भारदहतर्फ जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तल उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरि बुझाइदिनु हुन हार्दिक अनुरोध छ ।

**आग्रहकर्ता : अन्जनी कुमारी यादव**
**मोबाइल नं. ९८०४०७७२७१**



# लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु । - जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु । - आँखाको गेडी दुख्नु । - अत्याधिक टाउको दुख्नु । - शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं । - घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जालीवा सुत्ने बेलामा झुल लगाएर सुतौं । - घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं । - पानी राखेको भाँडालाई छोपेर राखौं । - अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

## अनुरोधकर्ता : सप्तकोशी नगरपालिका, सप्तरी


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*